# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ओखलढुङ्गा

**युवा उद्यम विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः२०७८।०७।०७)

यस कार्यालयको चालु आर्थिक बर्ष ०७८/०७९ को स्वीकृत बजेट कार्यक्रम अनुसार सञ्चालन गरिने युवा उद्यम विकास कार्यक्रममा सहभागि हुन योग्यता पुगेका इच्छुक नगर क्षेत्रका युवा समूहहरुलाई सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वकको प्रस्ताव पेश गर्न यसै सूचनाद्वारा आव्हान गरिएको छ ।

**१.प्रस्ताव पेश गर्ने लक्षित समूहका युवाहरुको योग्यता तपसिल अनुसार हुनु पर्नेछ ।**

(क) १६ बर्ष उमेर पूरा भई चालीस बर्ष ननाघेका,

(ख) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट सजायँ नपाएका,

(ग) चल अचल सरकारी सम्पत्ति दुरुपयोग नगरेका,

(घ) कम्तीमा आधारभूत तह (कक्षा-८) उतीर्ण गरेका,

(ङ) मानसिक सन्तुलन नगुमेका,

(च) माथि उल्लेख भए बमोजिम योग्यता पुगेका युवाहरुको (कम्तीमा ३३ प्रतिशत युवा महिला सहित ५ देखि १० जना युवा सहभागि रहेको) समूह हुनु पर्नेछ ।

**२.लक्षित समूहको प्राथमिकीकरण देहाय अनुसार हुनेछ ।**

क) कोभिड-१९ महामारीको कारण विदेश/स्वदेश बाट रोजगारीको अवसर टुटन गई आफ्ना घर फर्किएका वा सिमान्तकृत उद्यमी वा वेरोजगार अवस्थामा रहेका युवाहरु,

ख) घरेलु तथा साना उद्योग विकास समिति, ब्यवसायिक तथा सीप विकास तालीम केन्द्र प्राविधिक शिक्षा तथा ब्यवसायिक तालीम परिषद् र गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) जस्ता तालीम प्रदायक संस्थाबाट तालीम प्राप्त गरेका र उद्यम सञ्चालन गर्न प्रतिवद्ध युवाहरु,

ग) रोजगारीको अवसरबाट वञ्चित युवाहरु ।

**३.प्रस्ताव पेश गर्न सकिने ब्यवसयिक क्षेत्रः**

क) कृषि तथा पशुपंक्षीमा आधारित उद्यम,

ख) वन (वन पैदावार/जडिबुटी) मा आधारित उद्यम,

ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम,

घ पर्यटन प्रवर्द्धन (होटल, रिसोर्ट र होमस्टे) मा आधारित उद्यम,

ङ) निर्माण कार्यसँग सम्बन्धित उद्यम,

च) हस्तकला, मूर्तिकला र चित्रकलामा आधारित उद्यम,

छ) संस्कृति, साहित्य सिर्जना र गीत संगीतमा आधारित उद्यम,

**४. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

क) नगरपालिकाको उद्यम विकास शाखामा समूह दर्ता गरेको प्रमाणपत्रको छाँयाप्रति,

ख) युवाको हकहित संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य सहितको प्रस्तावनापत्र,

ग) अनुसूची-२ को ढाँचा बमोजिमको निवेदन र अनुसूची-३ को ढाँचा बमोजिमको ब्यवसायिक कार्ययोजना,

घ) समूहमा आवद्ध युवाहरुको नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति, राहदानी तथा साविकमा रोजगारदातासँग भएको सम्झौतापत्र वा साविकमा रोजगारीमा संलग्न रहेको प्रमाण खुल्ने अन्य कागजातहरुको छाँयाप्रति,

ङ) समूह तथा समूहमा आवद्ध युवा सदस्यहरु कालो सूचीमा नपरेको स्वघोषणापत्र !

५ उद्यम गर्न सकिने ब्यवसायिक क्षेत्र अन्तरगतका क्रियाकलापहरुको विस्तृत बिवरण, प्रस्ताव मूल्यांङ्कनका आधारहरु, अनुसूची-२ बमोजिमको निवेदनको ढाँचा र अनुसूची-३ बमोजिमको ब्यवसायिक कार्ययोजनाको ढाँचा यस कार्यालयको वेवसाइट www.siddhicharanmun.gov.np बाट डाउनलोड गर्न वा कार्यलयबाट निशुल्क रुपमा उपलब्ध गर्न सकिने छ।

६. प्रस्ताव स्वीकृत भएका युवा उद्यमी समूहलाई किस्तावन्दी रुपमा पाँच बर्षभित्र साँवा मात्र फिर्ता गर्ने गरी अधिकतम पाँच लाख सम्म ऋण उपलब्ध गराइने छ ।

थप जानकारी लिनु पर्ने भएमा ९८६२८०५०७५ मा यस कार्यालयका रोजगार संयोजक श्री लक्ष्मण पराजुलीलाई सम्पर्क गरी जानकारी लिन सकिने छ ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

प्रवीण कोइराला

प्रमुख प्रशासकीय अधिकृत